# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) हेटौंडा, मकवानपुर, भदौ २९ गते, २०७७ साल (सङ्ख्या ११

## भाग ३

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश, हेटौंडाको

## सूचना

**प्रदेश राजपत्र प्रकाशन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७७**

प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०७४ को दफा ११ को उपदफा (५) बमोजिम प्रदेश सरकार, मन्त्रिपरिषद्ले यो निर्देशिका बनाई लागू गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस निर्देशिकाको नाम "प्रदेश राजपत्र प्रकाशन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७७" रहेको छ।

(२) यो निर्देशिका प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश राजपत्र प्रकाशन सम्बन्धी निर्देशिका, २०७६ को दफा ५ मा संशोधनः</u>** प्रदेश राजपत्र प्रकाशन सम्बन्धी निर्देशिका, २०७६(यस पछि "मूल निर्देशिका" भनिएको) को दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः-

"५. **<u>प्रदेश राजपत्रमा प्रकाशन गरिने अङ्कः</u>** (१) प्रदेश राजपत्रमा प्रकाशन हुने नियमित अङ्क (सङ्ख्या) को सूचना प्रत्येक हप्ताको सोमबार र बिहीबार प्रकाशन हुनेछ।

(२) प्रदेश राजपत्र प्रकाशन गर्दा देहायको अवस्थामा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) नेपालको संविधान बमोजिम प्रदेश प्रमुखबाट प्रमाणीकरण हुने प्रदेश विधेयक वा अध्यादेश जुन मितिमा प्रमाणीकरण हुन्छ सोही मितिको अतिरिक्ताङ्क गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने,

(ख) प्रदेश सरकारले बनाएका नियम, प्रदेश मन्त्रिपरिषद्ले जारी गरेको आदेश वा अधिकार पत्र, प्रदेश ऐन, नियम वा आदेश अन्तर्गत वा प्रदेश मन्त्रिपरिषद्को निर्णय बमोजिम प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्ने सूचना, संविधान, संघीय वा प्रदेश कानून अन्तर्गतका नियुक्ति वा अन्य सूचना, नेपाल सरकारको सहमति लिई प्रदेश मन्त्रिपरिषद्ले गरेको आर्थिक तथा

औद्योगिक विषयका करारजन्य सम्झौता अतिरिक्ताङ्क गरी प्रकाशन नगर्ने, नियमित अङ्क (सङ्ख्या) गरी प्रकाशन गर्ने,

(ग) कुनै खास विषयको कुनै सूचना प्रदेश राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्नु पर्ने विशेष कारण भएमा त्यसको कारण खुलाई प्रदेश सरकार, मन्त्रिपरिषद्बाट निर्णय भएमा मात्र अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने,

(घ) खण्ड (ग) बमोजिम प्रदेश राजपत्रमा अतिरिक्ताङ्क गरी कुनै सूचना प्रकाशन गर्नु पर्ने भएमा निर्णय भएको मितिले तीन महिना भित्रै प्रकाशन गर्नु पर्ने,

(ङ) कुनै दण्ड जरिवाना गर्ने वा कर, दस्तुर वा शुल्क लगाउने गरी ऐनको अधिकार प्रयोग गरी नियम बनाउँदा वा सूचना प्रकाशन गर्दा कानूनमा अन्यथा भएकोमा बाहेक यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो नियम वा सूचनालाई पश्चातदर्शी प्रभाव हुने गरी अतिरिक्ताङ्कमा प्रकाशन नगर्ने।

(३) यस निर्देशिका बमोजिम प्रदेश राजपत्रमा नियमित अङ्क (सङ्ख्या) र अतिरिक्ताङ्कको सङ्ख्या कायम गर्दा प्रत्येक वर्षको सूचनाको आधारमा वर्ष (खण्ड), मिति र अतिरिक्ताङ्क/सङ्ख्या कायम गरी प्रकाशन गर्नु पर्नेछ।

(४) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्ने

कुनै सूचना प्रकाशन नभएको देखिएमा/पाइएमा मन्त्रालयले निश्चित समयावधि दिई सूचना प्रकाशनको लागि सम्बन्धित निकायलाई जानकारी गराउन सक्नेछ । यसरी सो समयावधिभित्र प्राप्त भएका सूचना यो संशोधन लागू हुनु पूर्वकै व्यवस्था अनुसार प्रकाशन गर्न बाधा पर्ने छैन।

तर सो समयावधिभित्र प्राप्त नभएका सूचना यसै निर्देशिकाको कार्यविधि पूरा गरी प्रकाशन गर्नु पर्नेछ।"

३. **<u>मूल निर्देशिकाको दफा ९ मा संशोधन</u>**ः मूल निर्देशिकाको दफा ९ को उपदफा (२) मा रहेको "र स्थानीय तहमा एक/एक प्रति निःशुल्क उपलब्ध गराउने व्यवस्था गर्नेछ।" भन्ने शब्दहरुको सट्टा "निःशुल्क उपलब्ध गराउन तथा प्रदेशभित्रका प्रत्येक स्थानीय तहको हकमा विद्युतीय प्रति उपलब्ध गराउने व्यवस्था मिलाउनेछ।"

**आज्ञाले,**
**नारन प्रसाद पोखरेल**
**प्रदेश सरकारको निमित्त सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु. ५।-